**01312026 – FINAL/Translation Copy**

# विश्वव्यापी उपभोक्ताको गोपनीयतासम्बन्धी सूचना

**लागू हुने मितिः जनवरी 31, 2026**

कोका-कोला कम्पनी र यसका सम्बद्ध कम्पनीहरू (एकसाथ, ***कोका-कोला*** वा ***हामी*** भनिने) तपाईंको गोपनीयताको सम्मान गर्दछौँ र तपाईंको व्यक्तिगत विवरणको सुरक्षालाई गम्भीरतापूर्वक लिन्छौँ। हामी तपाईंको विश्वासको कदर गर्दछौँ र तपाईंको डेटा सुरक्षित राख्न र तपाईंलाई यसमा नियन्त्रण प्रदान गर्न प्रतिबद्ध छौँ। यो सूचनामा हामी तपाईंको डेटा कसरी ह्यान्डल गर्छौं र तपाईं बस्ने ठाउँको आधारमा यसलाई कसरी व्यवस्थापन गर्न सक्नुहुन्छ भनेर वर्णन गरिएको छ।

यो सूचना तपाईंले यस सूचनासँग लिङ्क गरिएका हाम्रा सेवाहरू (तल परिभाषित गरिएको) प्रयोग गर्दा लागू हुने छ र हाम्रा वेबसाइटहरूमध्ये कुनै एकको आफ्नै विशिष्ट सूचना हुँदा यो लागू हुने छैन। तपाईंको स्थान वा हाम्रा सेवाहरूको प्रयोगको आधारमा तपाईंलाई हाम्रा पूरक गोपनीयतासम्बन्धी सूचनाहरू पनि लागू हुन सक्छन्; विस्तृत विवरणका लागि हाम्रो पूरक गोपनीयता सूचना पृष्ठ हेर्नुहोस्।

**तपाईंसँग कोका-कोलाले तपाईंको व्यक्तिगत विवरणलाई कसरी प्रशोधन गर्छ भन्नेबारे प्रश्नहरू छन् भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।**

## यो उपभोक्ताको गोपनीयतासम्बन्धी सूचनामा के छ?


1. व्यक्तिगत विवरणका स्रोतहरू
2. हामी कस्तो प्रकारको व्यक्तिगत विवरण सङ्कलन गर्छौं
3. हामी तपाईंको व्यक्तिगत विवरण कसरी प्रयोग गर्छौं
4. कुकीसम्बन्धी सूचना
5. व्यक्तिगत विवरणको आदानप्रदान
6. हामी व्यक्तिगत विवरणको कसरी सुरक्षा गर्छौं
7. हामी व्यक्तिगत विवरण कति समयसम्म राख्छौँ
8. तपाईंका गोपनीयतासम्बन्धी छनौटहरू
9. नाबालिगको डेटा
10. व्यक्तिगत विवरणको अन्तर्राष्ट्रिय ट्रान्स्फर
11. यस उपभोक्ताको गोपनीयतासम्बन्धी सूचनामा परिवर्तनहरू


## 1. व्यक्तिगत विवरणका स्रोतहरू

**व्यक्तिगत विवरण** भन्नाले तपाईंलाई प्रत्यक्ष रूपमा (जस्तै तपाईंको नाम) वा अप्रत्यक्ष रूपमा (जस्तै ID नम्बर) वा प्रचलित गोपनीयता कानुनद्वारा परिभाषित गरिएको कुनै पनि कुरा जनाउँछ।

यो सूचना कोका-कोला ब्रान्ड वा उत्पादनहरूद्वारा निम्न स्रोतहरू (**सेवाहरू**) बाट तपाईंबाट वा तपाईंको बारेमा सङ्कलन गरिएको व्यक्तिगत विवरणमा लागू हुने छः

**कोका-कोलाका वेबसाइट र एपहरू।** उपभोक्ता-निर्देशित वेबसाइट, मोबाइल साइटहरू वा हामीले आफ्नै डोमेन/URL अन्तर्गत सञ्चालन गर्ने साइटहरू, फेसबुक जस्ता तेस्रो-पक्ष सामाजिक सञ्जालहरू र स्मार्टफोन एपहरूमा सञ्चालन गर्ने मिनी-साइटहरूलगायत हाम्रा लागि सञ्चालित अनुप्रयोगहरू।

**उपकरणको डेटा।** हाम्रा वेबसाइट वा एपहरूमा पहुँच राख्न तपाईंले प्रयोग गर्ने उपकरणहरूबाट सूचना।

**अनलाइन खाता, दर्ता वा अनुरोधहरू।** तपाईंको कोका-कोला खाता, प्रवर्द्धन कार्यक्रममा सहभागिताका लागि दर्ता फाराम, सर्वेक्षण वा वफादारी कार्यक्रमहरू र तपाईंले हामीलाई सिधै अनुरोध गर्दा।

**हाम्रा स्टोरहरूमार्फत अनलाइन वा अफलाइन खरिदहरू।** हाम्रा उत्पादन र/वा सेवाहरू खरिद गर्दा प्रदान गरिने विवरण।

**इमेल, SMS र अन्य इलेक्ट्रोनिक सन्देशहरू।** इलेक्ट्रोनिक सञ्चार प्रयोग गरेर तपाईं र कोका-कोला बीच गरिने अन्तरक्रिया।

**कोका-कोला उपभोक्ता हेरचाह सेवाहरू।** हाम्रो उपभोक्ता हेरचाह टोलीसँग हुने सञ्चार। स्वास्थ्य डेटा मान्न सकिने व्यक्तिगत विवरणलाई हामी कसरी प्रशोधन गर्न सक्छौँ भन्ने बारेमा थप जानकारीका लागि कृपया उपभोक्ता स्वास्थ्य डेटासम्बन्धी गोपनीयता नीति हेर्नुहोस्।

**प्रत्यक्ष अन्तरक्रियाहरू।** हामी तपाईंबाट व्यक्तिगत रूपमा हुने अन्तरक्रियाको समयमा विवरण सङ्कलन गर्छौं, जस्तै तपाईं इन-स्टोर प्रदर्शन वा उत्पादन स्याम्प्लिङहरूमा सम्पर्क विवरण प्रदान गर्नुहुँदा, प्रतियोगिता र प्रवर्द्धन कार्यक्रमहरूमा भाग लिनुहुँदा वा हामी हाम्रो कुनै स्थानमा वा कोका-कोलाद्वारा प्रायोजित वा आयोजित कार्यक्रमहरूमा क्लोज सर्किट भिडियो निगरानी क्यामेरा (**CCTV**) प्रयोग गर्दा।

**विज्ञापन अन्तरक्रियाहरू।** हाम्रा विज्ञापनहरूसँगको अन्तर्क्रिया (जस्तै, यदि तपाईंले तेस्रो-पक्ष वेबसाइटमा हाम्रा कुनै विज्ञापनसँग अन्तर्क्रिया गर्नुभयो भने, हामीले उक्त अन्तर्क्रियाको बारेमा जानकारी प्राप्त गर्न सक्ने छौँ) वा तपाईंले हाम्रो मार्केटिङ सञ्चारका लागि साइन अप गर्दा।

**स्वीपस्टेक प्रतियोगिता, अन्य प्रवर्द्धन कार्यक्रम वा वफादारी कार्यक्रममा सहभागिता।** तपाईं हाम्रो स्वीपस्टेक, अनलाइन र अफलाइन प्रवर्द्धनहरूमा भाग लिँदा वा प्रवेश गर्दा र/वा वफादारी कार्यक्रममा साइन अप गर्दा तपाईंले प्रदान गर्ने विवरण। उदाहरणका लागि, तपाईं अनलाइन मार्केटिङ अनुभवमा भाग लिन आफ्नो फोटो वा भिडियो अपलोड गर्ने विकल्प रोज्नुहुँदा।

**हामीले सिर्जना गर्ने डेटा।** तपाईंसँगको हाम्रो अन्तर्क्रियाको क्रममा, हामी तपाईंको बारेमा व्यक्तिगत विवरण उत्पन्न गर्न सक्छौँ (जस्तै तपाईंले हाम्रा वेबसाइट वा एपहरूमा पहुँच राख्दा स्वचालित रूपमा सङ्कलन गरिएको डेटा, जस्तै IP ठेगाना, उपकरणको ID, ब्राउजरको प्रकार र हाम्रा साइटहरूसँग तपाईंको अन्तर्क्रिया)।

**अन्य स्रोतहरूबाट प्राप्त हुने डेटा।** हामी सेल्स साझेदारहरू (जस्तै, TikTok पसलबाट बिक्री रेकर्डहरू), डेटा एनालिटिक्स प्रदायकहरू (जस्तै, Google Analytics र Meta), प्रयोगकर्ता अनुभवसम्बन्धी जानकारी निगरानी गर्ने माउस क्लिक र पृष्ठ स्क्रोलिङलगायत तेस्रो-पक्ष औजारहरू, सामाजिक सञ्जालहरू (जस्तै, Meta), विज्ञापन नेटवर्कहरू (जस्तै, Google), विज्ञापन साझेदारहरू, बजार अनुसन्धान कम्पनीहरू (बेनाम रूपमा प्रतिक्रिया प्रदान गरिएको छैन भने), तेस्रो-पक्ष डेटा एग्रिगेटरहरू, मार्केटिङ कम्पनीहरू, कोका-कोला प्रवर्द्धन साझेदारहरू, LinkedIn मा व्यावसायिक जानकारी जस्ता सार्वजनिक स्रोतहरू र हामीले अन्य कम्पनीहरू प्राप्त गर्दा प्राप्त डेटा हाम्रा तेस्रो-पक्ष साझेदारहरूबाट तपाईंको बारेमा विवरण सङ्कलन गर्न सक्छौँ।

यस सूचनाले अन्य संस्थाहरूद्वारा सञ्चालित वेबसाइट वा अनलाइन सेवाहरूलाई समेटेको छैन। तपाईंको विवरण कसरी ह्यान्डल गर्छन् भनेर बुझ्नका लागि उनीहरूको गोपनीयतासम्बन्धी सूचनाहरू हेर्नुहोस्।

## 2. हामी कस्तो प्रकारको व्यक्तिगत विवरण सङ्कलन गर्छौं

**<u>तपाईंले हामीलाई दिने निर्णय गर्नुभएको विवरण।</u>** तपाईंले हाम्रा सेवाहरूसँग कसरी अन्तरक्रिया गर्नुहुन्छ भन्ने आधारमा, हामी तपाईंले हामीलाई प्रदान गर्न रोज्नुभएको व्यक्तिगत विवरण सङ्कलन गर्छौं, जसमा निम्न प्रकारका व्यक्तिगत विवरण पर्दछन्:

| वर्ग | उदाहरणहरू |
|---|---|
| **सम्पर्क र खाता विवरण** | नाम, इमेल ठेगाना, पत्राचार ठेगाना, फोन नम्बर, उमेर दायरा र जन्म मिति, प्रयोगकर्ता नाम र पासवर्ड वा अन्य सुरक्षासम्बन्धी उत्तर, व्यक्तिगत डिजिटल प्रमाणपत्र (प्रयोगकर्ता प्रमाणीकरणका लागि), सरकारले जारी गरेको ID वा अन्य पहिचानकर्ता। |
| **हामीसँगको सञ्चार** | इमेल, च्याट, वेब-फाराम र फोन कलहरू (कानुनबमोजिम अनिवार्य भएमा तपाईंको सहमतिमा रेकर्डिङहरूलगायत)। |
| **जनसांख्यिकीय विवरण र रुचिहरू** | तपाईंको जनसांख्यिकीय वा व्यवहारिक विशेषताहरू वर्णन गर्ने विवरण, जस्तै तपाईंको उमेर दायरा र जन्म मिति, लिङ्ग, भौगोलिक स्थान (जस्तै, जिप कोड), मन पर्ने उत्पादनहरू, सामग्री प्राथमिकताहरू, शौक र रुचिहरू र घरायसी वा जीवनशैलीको विवरण। |
| **प्रयोगकर्ताद्वारा उत्पन्न सामग्री (UGC)** | सामाजिक सञ्जालका पोस्ट, टिप्पणी वा विचारहरू, सर्वेक्षणका प्रतिक्रियाहरू, ग्राहक सेवा सोधपुछहरू, आवाज रेकर्डिङहरू, तस्बिरहरू, भिडियोहरू र तपाईंले प्रदान गर्ने अन्य मिडिया फाइलहरू। |
| **सामाजिक सञ्जाल प्लेटफर्ममा खातासँग सम्बन्धित जानकारी** | तपाईं आफ्नो सामाजिक सञ्जाल खाताहरू मार्फत कनेक्ट वा लग इन गरेर हाम्रा सेवाहरूमा पहुँच राख्नुहुँदा, हामी सामाजिक सञ्जाल प्लेटफर्म र तपाईंको खाता अनुमतिहरूमा अनुमति दिइएको व्यक्तिगत विवरण, जस्तै प्रोफाइल फोटो, इमेल, लाइक, रुचि, साथीहरू, फलोअरहरू वा यस्तै विवरण सङ्कलन गर्छौं। तपाईं अब उप्रान्त हामीलाई यो विवरण प्रदान गर्न चाहनुहुन्न भने, तपाईं आफ्नो सामाजिक सञ्जाल खाताहरूमा आफ्ना सेटिङहरू समायोजन गर्न सक्नुहुन्छ। |
| **हाम्रा वेबसाइट र एपहरूमा प्रदान गरिएको अन्य विवरण (तपाईंको अनुमति लिएर)** | आवश्यक परेमा हामी तपाईंको सहमतिमा निम्न कुराहरू सङ्कलन गर्न सक्छौं: स्थान डेटा, आवाज रेकर्डिङ, भिडियो, तस्बिर र अन्य मिडिया फाइलहरू। हाम्रा एपहरूमा निश्चित कार्यक्षमताहरू (जस्तै, स्थान सेवाहरू) प्रयोग गर्न तपाईंले एपमा कार्यक्षमता सक्षम गर्नुपर्ने छ र साझेदारी सक्षम गर्न आफ्नो मोबाइल उपकरणमा अनुमतिहरू सेट गर्नुपर्ने हुन्छ। डेटा सङ्कलन बारे जानकारी लिन र अनुमतिहरू समायोजन गर्न आफ्ना उपकरण सेटिङहरू र तपाईंले विशेष एप डाउनलोड गर्नुभएको प्लेटफर्मको समीक्षा गर्नुहोस्। यी सेटिङहरू परिवर्तन गर्नाले केही एप सुविधाहरू सीमित हुन सक्छन्। एप अनइन्स्टल गर्नाले सबै डेटा सङ्कलन कार्य रोकिने छ। |

केही प्रकारका व्यक्तिगत विवरणलाई सम्बन्धित डेटा सुरक्षा कानुनहरूद्वारा संवेदनशील व्यक्तिगत विवरण वा डेटाको विशेष वर्गको रूपमा पहिचान गरिएको छ। यी अवस्थाहरूमा, हामी सबै प्रचलित डेटा सुरक्षा दायित्वहरूको पालना गर्छौं। उदाहरणका लागि, निम्न प्रकारका व्यक्तिगत विवरणलाई निश्चित कानुनहरूअनुसार संवेदनशील व्यक्तिगत विवरणको रूपमा लिन सकिन्छ:

| वर्ग | उदाहरणहरू |
|---|---|
| **सटीक भौगोलिक स्थानको डेटा** | तपाईं आफ्नो मोबाइल यन्त्रको अपरेटिङ सिस्टममार्फत अनुमति दिन चाहनुहुन्छ र अन्यथा आवश्यकताअनुसार तपाईंको सहमतिमा हाम्रा एपहरूमार्फत अनुमति दिँदा हामी सटीक भौगोलिक स्थान (GPS पनि भनिने) डेटा सङ्कलन गर्छौं। |
| **बायोमेट्रिक डेटा** | प्रचलित डेटा सुरक्षा कानुनहरूका आधारमा, ती डेटालाई व्यक्तिको अद्वितीय पहिचानको लागि प्रयोग गर्न सकिने अवस्थामा तपाईंले प्रदान गर्न रोज्नुभएका तस्बिर, आवाज रेकर्डिङ र |

| | |
|---|---|
| | भिडियोहरूलाई बायोमेट्रिक डेटाको रूपमा लिन सकिने छ। कोका-कोलाले आवश्यक पर्दा तपाईंको विशेष सहमतिमा मात्र बायोमेट्रिक डेटा सङ्कलन गर्दछ। |
| **स्वास्थ्य सूचना** | तपाईं हाम्रा प्रत्यक्ष कार्यक्रमहरूमा भाग लिन चाहनुहुन्छ भने, तपाईंले आफ्नो आहारसम्बन्धी आवश्यकता र अन्य समायोजनका अनुरोधहरूको बारेमा जानकारी प्रदान गर्न सक्नुहुने छ। यो विवरण तपाईंले अनुरोध गर्नुभएका सेवाहरू प्रदान गर्ने उद्देश्यले मात्र तपाईंको सहमतिमा सङ्कलन र आदानप्रदान गरिने छ। |

**<u>हामीले स्वचालित रूपमा सङ्कलन गर्ने विवरण</u>**: हामी तपाईंको कम्प्युटर, मोबाइल र अन्य उपकरणहरूबाट हाम्रा सेवाहरूको प्रयोगबाट र सोको बारेमा निश्चित विवरण स्वचालित रूपमा सङ्कलन गर्दछौँ, जुन व्यक्तिगत विवरण हुन सक्छ। यो विवरण कुकिज, पिक्सेल, वेब बीकन र समान प्रविधिहरू प्रयोग गरेर स्वचालित रूपमा सङ्कलन गरिन्छ।

| वर्ग | उदाहरणहरू |
|---|---|
| **उपकरण प्रयोग र स्थानको विवरण** | हाम्रा सेवाहरूमा पहुँच राख्न तपाईंले प्रयोग गर्ने कम्प्युटर प्रणाली वा अन्य प्राविधिक उपकरणको बारेमा कुनै पनि विवरण, जस्तै: इन्टरनेट प्रोटोकल (IP) ठेगाना; उपकरणको प्रकार र पहिचान नम्बर; इन्टरनेट सेवा प्रदायक; मोबाइल नेटवर्क; अपरेटिङ सिस्टमको प्रकार; वेब; ब्राउजरको प्रकार र संस्करण; प्रणाली घटनाहरू; IP ठेगाना वा Wi-Fi, ब्लुटुथ वा वायरलेस नेटवर्क सेवामा कनेक्सनहरूबाट अनुमानित स्थान।<br><br>तपाईंको कम्प्युटर वा मोबाइल उपकरणले निम्नलगायत हाम्रा सेवाहरूसँग कसरी अन्तर्क्रिया गर्दछ: हाम्रा सेवाहरूमा पहुँच राखिएको मिति र समय; हाम्रा मार्केटिङ इमेलहरूसँग भएका अन्तर्क्रियाहरू (जस्तै, खोलिएको छ कि); खोज अनुरोध र परिणामहरू; माउस क्लिक र चालहरू; खोलिएका विशिष्ट वेबपृष्ठहरू; पृष्ठ स्क्रोलिङ र वेबसाइट फारामहरूमा टाइप गरिएको पाठ; क्लिक गरिएका लिङ्क र हेरिएका भिडियोहरू; ट्राफिक र प्रयोग मापन; र हाम्रा सेवाहरूसँग अन्तर्क्रिया गर्नुअघि हेरिएका तेस्रो-पक्ष साइट वा सेवाहरूको बारेमा डेटा।<br><br>उत्पादन/सेवाहरूको लोकप्रियता र अनलाइन गतिविधि निर्धारण गर्न पहिलो र तेस्रो-पक्ष कुकीहरू र अन्य ट्र्याकिङ प्रविधिहरू प्रयोग गरेर वेबसाइट प्रयोगको डेटा सङ्कलन गरिन्छ। थप विवरणका लागि कृपया हाम्रो कुकीसम्बन्धी सूचना हेर्नुहोस्।<br><br>हामी प्रयोगकर्ता अनुभवसम्बन्धी जानकारीको निगरानी गर्न Microsoft Clarity र Full Story जस्ता तेस्रो-पक्ष औजारहरू प्रयोग गर्छौं। यी औजारहरूले स्वचालित रूपमा माउस क्लिक र चालहरू, पृष्ठ स्क्रोलिङ र वेबसाइट फारामहरूमा टाइप गरिने कुनै पनि पाठलगायत प्रयोगको विवरण सङ्कलन गर्दछन्। सङ्कलन गरिने विवरणमा पासवर्ड, भुक्तानी विवरण वा अन्य संवेदनशील व्यक्तिगत विवरण समावेश हुने छैन।<br>यो जानकारी कुकीज, पिक्सेल, वेब बीकन र त्यस्तै खाले डेटा सङ्कलन प्रविधि (सामूहिक रूपमा, डेटा सङ्कलन प्रविधि) प्रयोग गरेर स्वचालित रूपमा सङ्कलन गरिन्छ। तपाईंले Microsoft गोपनीयता कथन र Full Story गोपनीयता कथनमा गएर थप जानकारी लिन सक्नुहुन्छ। |
| **खरिद विवरण** | हामी तपाईंको कारोबारको बारेमा विवरण सङ्कलन गर्छौं, जसमा तपाईंले कुन उत्पादनहरू खरिद गर्नुहुन्छ, कति पटक खरिद गर्नुहुन्छ, खरिदसँग सम्बन्धित कुनै पनि पुरस्कार वा प्रवर्द्धन कार्यक्रमहरू र भविष्यमा खरिद गर्नका लागि तपाईंले आफ्नो किनमेल कार्टमा राख्नुहुने उत्पादनहरू पर्दछन्। |

| | |
|---|---|
| | *भुक्तानी कार्ड खरिदहरू तेस्रो-पक्ष भुक्तानी प्रोसेसरहरूद्वारा प्रशोधन गरिन्छ। कोका-कोला सँग पूरा बैंक खाता नम्बर, क्रेडिट कार्ड नम्बर वा डेबिट कार्ड नम्बरहरूमा पहुँच हुँदैन।* |
| **हामीले सिर्जना गर्ने डेटा** | हामीले तपाईंको बारेमा व्यक्तिगत विवरण उत्पन्न गर्न सक्छौँ, जस्तै तपाईंको खरिदहरूको रेकर्ड।<br>हामी तपाईंको व्यक्तिगत प्राथमिकताहरूको मूल्याङ्कन, विश्लेषण वा अनुमान गर्न तपाईंसँग सम्बन्धित व्यक्तिगत विवरण संयोजन गर्न पनि सक्छौँ। |
| **अडियो र भिजुअल विवरण** | तपाईं हामीलाई भेट्न आउँदा हामी अडियो तथा भिजुअल विवरण सङ्कलन गर्न सक्छौँ। उदाहरणका लागि, हाम्रा केही स्थानहरूमा CCTV जडान गरिएको हुन सक्छ र यी CCTV क्यामेराहरूले श्रव्य, दृश्य र यस्तै विवरण सङ्कलन गर्न सक्छन्। |

<u>**तेस्रो पक्षबाट सङ्कलन गरिने विवरण**</u>: समय-समयमा, हामी तेस्रो पक्षहरूबाट व्यक्तिगत विवरण प्राप्त गर्छौं जुन हामी हाम्रा उपभोक्ताहरूको बारेमा थप जानकारी प्राप्त गर्न, उपभोक्ताको अनुभवलाई व्यक्तीकृत गर्न र हाम्रा सेवाहरूलाई अझ प्रभावकारी ढङ्गले प्रवर्द्धन र सुधार गर्न प्रयोग गर्दछौँ।

| वर्ग | उदाहरणहरू |
|---|---|
| **तेस्रो-पक्ष साझेदारहरू** | हामी साझेदार, विश्लेषणात्मक सेवा प्रदायक, मार्केटिङ सेवा प्रदायक र अन्य तेस्रो पक्षहरूबाट हाम्रा सेवाहरूमा र यसबाहिर तपाईंले गर्ने गतिविधिहरूको बारेमा विवरण सङ्कलन र प्राप्त गर्दछौँ, जस्तै:<br>• खरिदहरूसँग सम्बन्धित व्यक्तिगत विवरण।<br>• मार्केटिङ साझेदारहरू वा मार्केटिङ सेवा प्रदायकहरूबाट व्यावसायिक रूपमा उपलब्ध हुने वा प्रवर्द्धन र कार्यक्रमहरू मार्फत मार्केटिङ साझेदारहरूद्वारा सङ्कलन गरिने व्यक्तिगत विवरण, जुन कोका-कोलाको बारेमा थप जान्न इच्छुक उपभोक्ता र दर्शकहरूलाई पहिचान गर्न र हामीसँग पहिले नै भएको व्यक्तिगत विवरणमा थप गर्न, हामीलाई अझ सान्दर्भिक विज्ञापन प्रदान गर्नका लागि मद्दत गर्न प्रयोग गरिन्छ।<br>• बोटलर साझेदारहरूद्वारा कोका-कोलालाई प्रदान गरिने व्यक्तिगत विवरण।<br>• सार्वजनिक रूपमा उपलब्ध स्रोतहरूबाट प्राप्त व्यक्तिगत विवरण, जस्तै तपाईंले तेस्रो-पक्ष सामाजिक सञ्जालमा सार्वजनिक रूपमा सेयर गर्नुभएको विवरण। उदाहरणहरूमा तपाईंको सम्पर्क र खाता विवरण र तपाईंले तेस्रो-पक्ष सामाजिक सञ्जाललाई सेयर गर्न अनुमति दिनुहुने कुनै पनि अन्य विवरण वा गतिविधिहरू वा तपाईंको LinkedIn मा प्रकाशित व्यावसायिक विवरण पर्दछन्।<br>• तपाईंले हेर्ने वेबसाइटहरू र कुकी डेटा। थप जानकारीका लागि कृपया हाम्रो कुकीसम्बन्धी सूचना हेर्नुहोस्।<br>• तपाईंले तेस्रो-पक्ष साझेदारहरूलाई हामीलाई प्रदान गर्न लगाउनुहुने व्यक्तिगत विवरण (जस्तै, मार्केटिङ प्रयोजनका लागि तपाईंको इमेल ठेगाना)।<br>हामीसँग तपाईंको बारेमा भएको जानकारी संयोजन गर्न वा तेस्रो-पक्ष डेटा स्रोतहरूबाट डेटा संयोजन गर्न सक्छौँ। हामी हरेक तेस्रो-पक्ष डेटा प्रदायकलाई कोका-कोला सँगको व्यक्तिगत विवरण साझेदारी गर्दा उपभोक्ताहरूका लागि पारदर्शी र अन्यथा कानुनी रहेको पुष्टि गर्न अनिवार्य गर्दछौँ। |

### ३. हामी तपाईंको व्यक्तिगत विवरण कसरी प्रयोग गर्छौं

तलको सूचीमा हामीले तपाईंको व्यक्तिगत विवरण किन सङ्कलन गर्छौं भन्ने प्रयोजनहरू व्याख्या गरिएको छ र केही उदाहरणहरू प्रदान गरिएको छ। कुनै पनि अतिरिक्त प्रयोग आवश्यक भएमा तपाईंलाई सूचना दिएर र तपाईंको सहमतिमा कानुनले अनुमति दिइएअनुसार मात्र हुने छ।

- **तपाईंलाई हाम्रा उत्पादन र सेवाहरू प्रदान गर्न।** उदाहरणका लागि, हामी खाताहरू सेट अप गर्न, अनुभवहरूमा सहभागिताका लागि पहिचान र योग्यता प्रमाणित गर्न, हाम्रो सेवाको सम्बन्धमा अनुभव व्यक्त गर्न र हाम्रा सेवाहरूमा तपाईंको अनुभवलाई सुधार र व्यक्तीकृत गर्न सम्पर्क र खाता विवरण प्रयोग गर्छौं।
- **तपाईंको बारेमा थप जानकारीका लागि।** उदाहरणका लागि, हामी प्राथमिकताहरू अनुमान गर्न, हाम्रा सेवाहरू अनुकूलन गर्न र उपभोक्ताका विचारहरू बुझ्न जनसांख्यिकीय विवरण र रुचिहरू, सामाजिक सञ्जाल खाताहरूसँग सम्बन्धित विवरण र खरिद विवरण प्रयोग गर्छौं। यसमा हामीले तेस्रो पक्ष वा अन्य स्रोतहरूबाट सङ्कलन गरेको विवरण समावेश हुन सक्छ। हामी व्यक्तिगत प्राथमिकताहरूको मूल्याङ्कन, विश्लेषण वा भविष्यवाणी गर्न दर्शक खोज, दर्शक विस्तार, दर्शक लक्षित गर्ने र त्यस्तै देखिने दर्शक मोडेलिङको प्रयोजनका लागि हाम्रा उपभोक्ताहरूको बारेमा थप जानकारी प्राप्त गर्न र अन्तर्दृष्टि विकास गर्न डेटा क्लिन रुमहरूमा छद्मनाम विवरण मिलाउनेलगायत व्यक्तिगत विवरण संयोजन पनि गर्दछौँ।
- **स्वीपस्टेक प्रतियोगिता, अन्य प्रवर्द्धन कार्यक्रम वा वफादारी कार्यक्रम सञ्चालन गर्न।** उदाहरणका लागि, हामी योग्यता जाँच गर्न र स्वीपस्टेक प्रतियोगिता, प्रवर्द्धन कार्यक्रम वा वफादारी कार्यक्रममा तपाईंको सहभागितालाई सहजीकरण गर्न वा तपाईंले चाहेको बेला तपाईंको व्यक्तिगत विवरण तेस्रो-पक्ष साझेदारहरूलाई प्रदान गर्न जनसांख्यिकीय विवरण प्रयोग गर्दछौँ।
- **तपाईंलाई मार्केटिङ, लक्षित विज्ञापन वा अन्य प्रवर्द्धनात्मक जानकारी प्रदान गर्न।** उदाहरणका लागि, हामी तपाईंलाई अनुमानित रुचिहरूमा आधारित मार्केटिङ सञ्चारहरू पठाउन सम्पर्क र खाता विवरण, तपाईंको अनलाइन गतिविधिबाट उत्पन्न विवरण, स्थान डेटा वा व्यवहारजन्य प्रवृत्ति र ढाँचाहरू पहिचान गर्नका लागि प्रयोग गरिने तपाईंको खाता वा सामाजिक सञ्जाल खाताहरूसँग सम्बन्धित अन्य विवरण वा उपकरण ID र प्रणाली घटनाहरूको संयोजनबाट प्राप्त विवरण प्रयोग गर्दछौँ। हामी व्यक्तिगत मार्केटिङ सञ्चारहरू पनि पठाउँछौँ र आवश्यक परेमा तपाईंको सहमतिमा तपाईंसँग लक्षित विज्ञापन सेयर गर्दछौँ। हामीलाई हाम्रा उत्पादन र सेवाहरूको बारेमा तपाईंलाई मन पर्न सक्छ भन्ने लागेका जानकारी साथै साझेदार प्रस्तावहरू पनि पठाउँछौँ।
- **हामीलाई सम्पर्क गर्दा तपाईंसँग सम्पर्क गर्न वा तपाईंको प्रतिक्रिया माग्न।** उदाहरणका लागि, प्रश्नहरूसँग अन्तरक्रिया गर्न वा जवाफ दिन, प्रतिक्रिया माग्न र गैर-मार्केटिङ सञ्चारहरू पठाउनका लागि हामी सम्पर्क र खाता विवरण, हामीसँगको तपाईंको सञ्चार र तपाईंसँग सम्बन्धित अन्य विवरण (जस्तै, सामाजिक सञ्जाल खाताहरू) प्रयोग गर्छौं।
- **हाम्रा सर्त, सम्झौता र नीतिहरू लागू गर्न।** उदाहरणका लागि, हामी सुरक्षित र विश्वसनीय वातावरण कायम राख्न खाता विवरण वा उपभोक्ता मिडिया अपलोडहरूको समीक्षा गर्छौं र तपाईंले कुनै अनुभवमा भाग लिन अपलोड गर्ने अडियो, तस्बिर र भिडियोहरू जस्ता सामग्रीको उपभोक्ताद्वारा उत्पन्न गरिएका सामग्रीको पनि जाँच गरी नियन्त्रण गर्दछौँ। हामी भवनको सुरक्षा निगरानी गर्न, अपराध रोकथाम गर्न, पत्ता लगाउन र अनुसन्धानमा सहयोग गर्न अनि हाम्रा कर्मचारी र हाम्रा स्थानहरूमा पाल्नहुने आगन्तुकहरूको सुरक्षा सुनिश्चित गर्न CCTV प्रयोग गर्दछौँ।
- **हाम्रा उत्पादन र सेवाहरूमा सुधार गर्न।** उदाहरणका लागि, हामी प्रयोगकर्ता अनुभवको विवरणको निगरानी गर्न तेस्रो-पक्ष औजारहरू प्रयोग गर्दछौँ ताकि हामी तपाईंलाई बृहत्तर अनुभव प्रदान गर्न समस्या निवारण गर्न र विश्लेषण गर्न सक्ने छौँ।
- **कानुन र नीतिहरूको पालना गर्न।** उदाहरणका लागि, हामी तपाईंको सम्पर्क र खाता विवरण वा अन्य सञ्चारहरू धोखाधडीबाट जोगाउन वा सुरक्षा घटनाहरू पत्ता लगाउन वा उपभोक्ता सम्झौताहरूको अनुपालनको निगरानी र कार्यान्वयन गर्नका लागि प्रयोग गर्न सक्छौँ।

- **हाम्रा कानुनी दायित्वहरू पूरा गर्न वा कानुनी दाबी वा विवादहरू सम्बोधन गर्न।** उदाहरणका लागि, हामीलाई कर कानुन जस्ता निश्चित कानुन र नियमहरू अन्तर्गत निश्चित विवरण प्रशोधन गर्नुपर्ने, साथै आन्तरिक प्रशासनिक प्रयोजनका लागि उपयुक्त रेकर्डहरू कायम राख्न, प्रचलित कानुनी र नियामक दायित्वहरूको पालना गर्न र कानुनी सरकारी अनुरोध वा दाबीहरूको जवाफ दिनुपर्ने हुन सक्छ।

**<u>प्रशोधनका लागि कानुनी आधारहरू</u>**: केही स्थानहरूमा, हामी तपाईंको व्यक्तिगत विवरण निश्चित कानुनी आधारहरूबमोजिम प्रशोधन गर्दछौँ भनेर तपाईंलाई जानकारी गराउनु हाम्रो दायित्व हुन्छ। हामी निम्न कानुनी आधारहरूमा निर्भर हुन्छौँ:

- **तपाईंसँग सम्झौता गर्न वा कार्यान्वयन गर्न।** उदाहरणका लागि, तपाईंले हाम्रा सेवाहरूमा पहुँच राख्नुहुँदा वा प्रयोग गर्नुहुँदा (जस्तै, उत्पादन र सेवाहरूको खरिद वा अनुरोधहरू प्रशोधन गर्न), उपभोक्ता खाताहरू दर्ता र प्रमाणित गर्नु हुँदा, पुरस्कार र प्रवर्द्धन कार्यक्रमहरू व्यवस्थापन गर्नुहुँदा र भुक्तानीसँग सम्बन्धित कार्यक्षमतालगायत हाम्रा वेबसाइट र मोबाइल अनुप्रयोगहरूको कार्यक्षमतालाई सहजीकरण गर्दा।
- **हाम्रा वैध हितहरूका लागि।** हामी तपाईंको गोपनीयता वा अन्य मौलिक अधिकार र स्वतन्त्रताहरूले निषेध गरिएको छैन भने केही व्यक्तिगत विवरण हाम्रो वैध व्यावसायिक हितका लागि प्रशोधन गर्दछौँ, उदाहरणका लागि तपाईंका खाताहरू, हाम्रा सेवाहरू, हाम्रो मार्केटिङ र तपाईंका अनुरोधहरूको सम्बन्धमा तपाईंसँग कुराकानी गर्न वा हाम्रा सर्त, सम्झौता र नीतिहरू लागू गर्न।
- **प्रचलित कानुनहरूको पालना गर्न।** हामीले कर कानुनहरू जस्ता केही कानुन र नियमहरूअन्तर्गत, साथै आन्तरिक प्रशासनिक प्रयोजनका लागि उपयुक्त रेकर्डहरू कायम राख्न र आवश्यकताअनुसार कानुनी सरकारी अनुरोधहरूको प्रतिक्रिया दिन केही व्यक्तिगत विवरण प्रशोधन गर्नुपर्ने हुन्छ।
- **तपाईंको सहमतिमा।** हामीलाई त्यसो गर्न तपाईंको सहमति छ भने, हामी मार्केटिङ सञ्चार च्यानलहरू (इमेल, SMS, पुश सूचनाहरू सहित) मार्फत तपाईंलाई व्यक्तीकृत प्रवर्द्धनात्मक सामग्री र विशेष प्रस्तावहरू पठाउने र हाम्रा ब्रान्ड, उत्पादन, कार्यक्रम र अन्य प्रवर्द्धनात्मक गतिविधिहरूको बारेमा जानकारी गराउनेलगायत केही व्यक्तिगत विवरण प्रशोधन गर्ने छौँ। हामीलाई सम्पर्क गर्नुहोस् पृष्ठमा रहेको गोपनीयता अनुरोध फाराम प्रयोग गरेर तपाईंले जुनसुकै बेला आफ्नो सहमति फिर्ता लिन सक्नुहुने छ। तपाईंले सहमति फिर्ता लिनाले फिर्ता लिनु अघिको प्रक्रियाको वैधतालाई असर गर्दैन।

## 4. कुकीसम्बन्धी सूचना

लागू हुने मिति: **जनवरी 31, 2026**
यो कुकीसम्बन्धी सूचना हाम्रो विश्वव्यापी उपभोक्ता गोपनीयता सूचनामा पूरक सामग्रीको रूपमा प्रस्तुत गरिएको छ। हाम्रा गोपनीयता अभ्यासहरूको पूर्ण विवरणका लागि कृपया पूरै विश्वव्यापी उपभोक्ता गोपनीयता सूचना पढ्नुहोस्।]

हामी हाम्रा सेवाहरूमा कुकी, वेब बीकन, पिक्सेल ट्याग र समान प्रविधिहरू (सामूहिक रूपमा, "कुकीज") प्रयोग गर्दछौँ। यो कुकीसम्बन्धी सूचनामा कुकी भनेको के हो, हामी कस्तो प्रकारको कुकी प्रयोग गर्दछौँ र तपाईंको स्थानको आधारमा तपाईंले आफ्ना कुकीहरू कसरी व्यवस्थापन गर्न सक्नुहुन्छ भनेर व्याख्या गरिएको छ। हाम्रा केही वेबसाइट वा एपहरू फरक कुकीसम्बन्धी सूचनाको अधीनमा हुन सक्छन्, जुन सिधै लिङ्क गरिने छ।

हामीले प्रयोग गर्ने कुकीहरू तपाईंको स्थान र तपाईंले प्रयोग गरिरहनुभएको सेवामा निर्भर गर्दछ। थप जानकारीका लागि कृपया उपलब्ध छ भने तपाईंले प्रयोग गरिरहनुभएको सेवामा कुकी औजार जाँच गर्नुहोस्।

**<u>कुकी भनेको के हो</u>?** कुकीहरू भनेका तपाईं वेबसाइट, एप प्रयोग गर्नुहुँदा वा निश्चित मार्केटिङ इमेलहरूभित्रका लिङ्कहरू क्लिक गर्नुहुँदा तपाईंको कम्प्युटर, मोबाइल वा तपाईंले प्रयोग गर्ने अन्य उपकरणमा भण्डारण हुने साना टेक्स्ट फाइलहरू हुन्। पिक्सेलहरू पारदर्शी छविहरू हुन्, जसले वेबसाइटहरूमा र निश्चित समयमा खोलिने इमेल र वेबसाइट प्रयोगको बारेमा जानकारी सङ्कलन गर्न सक्छन्।

कुकीहरू कि त निरन्तर वा सत्र कुकीहरू हुन्छन्। निरन्तर कुकीहरू तपाईंको उपकरणमा म्याद समाप्त नभएसम्म वा तपाईंले तिनलाई नमेटाएसम्म उपभोक्ता व्यवहारको विश्लेषण गर्दै रहने गर्छन्। सत्र कुकीहरू अस्थायी हुन्छन् र तपाईंले आफ्नो ब्राउजर बन्द गर्दा तिनको म्याद सकिन्छ। यसले तपाईंले प्रयोग गर्नुभएको समयमा तपाईंको गतिविधि ट्र्याक गर्दछ।

कुकीहरू या त पहिलो-पक्ष वा तेस्रो-पक्ष कुकीहरू हुन्छन्। पहिलो-पक्ष कुकीहरू कोका-कोलाबाट आउँछन्। तेस्रो-पक्ष कुकीहरू विश्लेषण र मार्केटिङ अटोमेसनका लागि अन्य पक्षहरूबाट आउँछन् र विभिन्न वेबसाइटहरूमा तपाईंको उपकरण पहिचान गर्न सक्छन्।

**कुकीहरूले कुन-कुन विवरण सङ्कलन गर्दछन्?** कुकीहरूमा सामान्यतया यो उत्पन्न भएको डोमेन नाम (इन्टरनेटको स्थान) म्याद सकिने मिति र एक अद्वितीय पहिचानकर्ता हुन्छ। तिनले तपाईंको उपकरणको विवरण पनि भण्डारण गर्दछन्, जस्तै यसका सेटिङहरू, ब्राउजिङ इतिहास र हाम्रा सेवाहरू प्रयोग गर्दाका गतिविधिहरू।

**कोका-कोला सेवाहरूमा कस्तो प्रकारका कुकीहरू प्रयोग गरिन्छ र हामी तिनलाई किन प्रयोग गर्दछौँ?** तपाईंले हाम्रा सेवाहरू कसरी प्रयोग गर्नुहुन्छ भन्ने आधारमा हामी निम्न प्रकारका कुकीहरू प्रयोग गर्न सक्छौँ:

- **अत्यावश्यक कुकीहरू**ले हाम्रा सेवाहरूलाई कार्य गर्न सक्षम बनाउँछन् र असक्षम गर्न मिल्दैन। तिनले तपाईंका अनुरोधहरूको जवाफ दिन्छन्, जस्तै गोपनीयता प्राथमिकताहरू सेट गर्ने, लग इन गर्ने वा फारामहरू भर्ने।
- **एनालिटिक्स कुकीहरू**ले हाम्रा सेवाहरू कसरी प्रयोग गरिन्छ भन्ने कुरा सक्रिय ढङ्गले ट्र्याक गर्दछन्, तिनले हाम्रा सेवाहरू सुधार गर्न कार्यसम्पादन र प्रयोगको विश्लेषण गर्न भ्रमणहरू र ट्राफिक स्रोतहरू गणना गर्दछन्। यी कुकीहरू तपाईंले नमेटाएसम्म तपाईंको उपकरणमा रहिरहन्छन्।
- **विज्ञापन कुकीहरू** हामी वा हाम्रा तेस्रो-पक्ष साझेदारहरूद्वारा सेट गरिएका हुन्छन् र तपाईंको ब्राउजिङ प्रोफाइलको आधारमा तपाईंका रुचिहरूको प्रोफाइल निर्माण गर्न जानकारी प्रदान गर्दछन् र तिनले हामीलाई तपाईंको अनुमानित रुचिहरूसँग मेल खाने विज्ञापनहरू प्रदर्शन गर्न, विज्ञापनहरू दोहोरिन नदिन र विज्ञापनदाताहरूका लागि उचित विज्ञापन प्रस्तुतीकरण सुनिश्चित गर्न सहज बनाउँछन्।
- **व्यक्तीकरण कुकीहरू** हामी वा हाम्रा साइटहरूमा प्रकार्य र सुविधाहरू थप्ने (जस्तै, भिडियोहरू) हाम्रा तेस्रो-पक्ष प्रदायकहरूद्वारा सेट गरिन्छ र तिनले हामीलाई हाम्रो साइटमा तपाईंको अनुभवलाई सान्दर्भिक सामग्री (जस्तै, भिडियोहरू) वा तपाईंलाई रुचि हुन सक्ने उत्पादनहरू (जस्तै, तपाईंले पहिले हेर्नुभएको कुराका आधारमा) जस्ता सुविधाहरूसहित व्यक्तीकृत गर्न मद्दत गर्ने जानकारी प्रदान गर्दछन्। उदाहरणका लागि, तिनमा भाषा वा लेआउट प्राथमिकताहरू, ब्राउजरमा आधारित खेलमा तपाईंले छोड्नुभएको स्थान सेभ गर्ने वा तपाईंको लगइन वा मन पर्ने उत्पादनहरू यसद गर्ने लगायत पर्न सक्छन्। व्यक्तीकरण कुकीहरू स्वीकार नगरिएमा केही प्रकार्य र सुविधाहरूले काम नगर्न सक्छन्।
- **सामाजिक सञ्जाल कुकीहरू**ले सामाजिक सञ्जाल सेवाहरूलाई तपाईंलाई साथीहरू र नेटवर्कहरूसँग सामग्री सेयर गर्न अनुमति दिन्छ (जस्तै, सेयरिङ बटन)। सामाजिक सञ्जालले यो कार्य रेकर्ड गर्दछ, जुन लक्षित गर्ने र विज्ञापन गतिविधिहरूका लागि प्रयोग हुन सक्छ।

तपाईंको क्षेत्राधिकारका आधारमा, प्रशोधन गर्नुपर्ने विशिष्ट प्रयोजन र कानुनी आधारहरू फरक-फरक हुन सक्छन्। हामी प्रचलित स्थानीय डेटा सुरक्षा कानुनअन्तर्गत मान्यताप्राप्त कानुनी आधारहरूमा कुकीहरू र समान प्रविधिहरूबाट डेटा प्रशोधन गर्न सक्छौँ, जसमा वैध रुचिहरू, सम्झौता गर्ने वा प्रवेश गर्ने वा तपाईंको सहमति आवश्यक गर्नेलगायत पर्न सक्छन्।

**हामी तेस्रो पक्षहरूबाट कुन-कुन विवरण सङ्कलन गर्छौं र सेयर गर्छौं?** कानुनले अनुमति दिएको अवस्थामा, तपाईंले हाम्रा सेवाहरू वा तेस्रो-पक्ष वेबसाइट प्रयोग गर्दा हामी Google Analytics, YouTube, Facebook, Instagram, Messenger, Facebook Apps र TikTok जस्ता डेटा एनालिटिक्स प्रदायकहरूलगायत तेस्रो पक्षहरूबाट तपाईंको

बारेमा विवरण सङ्कलन गर्न सक्छौँ। उदाहरणका लागि, तपाईं तेस्रो-पक्ष वेबसाइटमा हाम्रा विज्ञापनहरूमध्ये कुनैमा क्लिक गर्नुहुँदा वा तपाईं हाम्रा सेवाहरूमा एम्बेड गरिएको सुविधा प्रयोग गर्नुहुँदा, जस्तै हाम्रा सामाजिक सञ्जाल खाताहरूमा YouTube भिडियो वा लिङ्कहरू एम्बेड गरिएको वा हामीले तपाईंलाई पठाएको मार्केटिङ इमेल तपाईंले खोल्नुहुँदा।

तेस्रो पक्षहरूले आगन्तुकहरूलाई ट्र्याक गर्न र हाम्रो तर्फबाट उपभोक्ता विवरण (व्यक्तिगत विवरणलगायत) सङ्कलन गर्न र हामीसँग सेयर गर्न र/वा उनीहरूको आफ्नै प्रयोजनका लागि कुकीहरू प्रयोग गर्छन्, उदाहरणका लागि उनीहरूको आफ्नै उत्पादन र सेवाहरू सुधार गर्न वा समयसँगै विभिन्न वेबसाइट र अनलाइन सेवाहरूमा तपाईंको बारेमा जानकारी सङ्कलन गर्न।

उदाहरणका लागि, हामीले तेस्रो पक्षहरूबाट सङ्कलन गर्ने कुकी विवरणमा तपाईंको IP ठेगाना, ब्राउजर विवरण, उपकरण सेटिङ, हालको URL, वेबसाइट वा इमेल अन्तरक्रियाहरू र पहिले भ्रमण गरिएका वेब पृष्ठहरू हुन सक्छन्। यो डेटाले कोका-कोला लाई प्रयोग र संलग्नताको विश्लेषण गर्न र मार्केटिङ र विज्ञापनहरूलाई व्यक्तीकृत गर्न मद्दत गर्दछ। हामी व्यक्तिगत प्राथमिकताहरूको मूल्याङ्कन, विश्लेषण वा अनुमान गर्न यो व्यक्तिगत विवरण संयोजन गर्न पनि सक्छौँ। हामीले तेस्रो पक्षहरूबाट सङ्कलन गर्ने अन्य विवरणको बारेमा थप विवरणका लागि, हामीले कस्तो प्रकारको व्यक्तिगत विवरण सङ्कलन गर्छौं हेर्नुहोस्।

हामी कुकीसँग सम्बन्धित डेटा चयन गरिएका सेवा प्रदायक, व्यापारिक साझेदार, सान्दर्भिक सरकारी अधिकारीहरूसँग वा हाम्रो विश्वव्यापी उपभोक्ता गोपनीयता सूचनामा अन्यथा खुलासा गरिएअनुसार, प्रचलित कानुनद्वारा अनुमति दिइएको वा अनिवार्य गरिएका प्रयोजनहरूका लागि मात्र सेयर गर्न सक्छौँ।

**कुकी विकल्पहरू**: तपाईंको स्थानका आधारमा, तपाईंले आफ्नो ब्राउजर वा हाम्रो कुकी औजारमा सेटिङहरू समायोजन गरेर कुकीहरू अस्वीकार गर्न सक्ने हुन सक्छ।

धेरैजसो ब्राउजरहरूले कुकीहरू स्वचालित रूपमा स्वीकार गर्दछन्, तर तपाईंले आफ्नो ब्राउजरलाई कुनै पनि समयमा अत्यावश्यक नभएका कुकीहरू अस्वीकार गर्ने वा मेटाउने गरी सेट गर्न सक्नुहुन्छ। ध्यान दिनुहोस्, केही कुकीहरू असक्षम पारिएको छ भने हाम्रा सेवाका केही सुविधाहरूले राम्रोसँग काम नगर्न सक्छन्। प्रत्येक ब्राउजर फरक-फरक हुन्छन्, त्यसैले सेटिङहरू परिमार्जन गर्न मद्दत मेनु वा तपाईंको ब्राउजरले प्रदान गरेका निर्देशनहरू प्रयोग गर्नुहोस्।

सामान्यतया कुकीहरूको बारेमा थप जानकारीका लागि www.allaboutcookies.org मा जानुहोस्। तपाईं सिधै उनीहरूको गोपनीयता सूचनाहरूमा गएर पनि तेस्रो पक्षहरूले तपाईंको डेटा कसरी प्रयोग गर्छन् भन्ने बारे थप जानकारी पाउन सक्नुहुन्छ।

तपाईंको व्यक्तिगत विवरण र हाम्रा कुकीहरूको प्रयोगको सम्बन्धमा तपाईंसँग थप विकल्पहरू हुन सक्छन्। कृपया हाम्रो विश्वव्यापी उपभोक्ता गोपनीयता सूचना हेर्नुहोस् वा हामीलाई सम्पर्क गर्नुहोस्।

## 5. व्यक्तिगत विवरणको आदानप्रदान

हामी निम्न प्रकारका प्राप्तकर्ताहरूलाई व्यक्तिगत विवरण प्रदान गर्दछौँ:

- **व्यावसायिक सल्लाहकारहरू**, जस्तै वकील, लेखापाल, बिमक र सूचना सुरक्षा र फोरेन्सिक विशेषज्ञहरू।
- **सेवा प्रदायकहरू** उनीहरूलाई हाम्रो तर्फबाट मार्केटिङ विक्रेता, विज्ञापन एजेन्सी, क्लाउड भण्डारण समाधान, भुक्तानी प्रोसेसर, प्रविधि प्रदायक, वेबसाइट र डेटा होस्टिङ, उत्पादन तथा सेवाहरूको डेलिभरी, डेटा एनालिटिक्स, डेटा सुरक्षा, ईकमर्स कार्यसञ्चालन, सर्वेक्षण, अनुसन्धान, प्रवर्द्धन कार्यक्रम, प्रस्तावहरू र वफादारी कार्यक्रमहरूको सञ्चालनलगायतका सेवाहरू सम्पन्न गर्नमा सघाउ पुऱ्याउन र अन्यथा हामीलाई हाम्रो व्यवसाय सञ्चालन गर्न मद्दत गर्न। यसमा व्यक्तिगत विवरण र छद्मनामको रूपमा विवरण पर्दछन्,

उदाहरणका लागि, डेटा क्लिन रुमको प्रयोगमा दर्शक खोज, दर्शक विस्तार, दर्शक लक्षित गर्ने र उस्तै देखिने दर्शक मोडेलिङको प्रयोजनका लागि।

- **तेस्रो-पक्ष अनलाइन विज्ञापन नेटवर्कहरू, सामाजिक सञ्जाल कम्पनीहरू र अन्य तेस्रो-पक्ष सेवाहरू** तपाईंले लामो समयसम्म हाम्रा सेवाहरू प्रयोग गर्ने बारेमा जानकारी सङ्कलन गर्न ताकि तिनले तपाईंले प्रयोग गर्न सक्ने अन्य उपकरण, एप्लिकेसन र प्लेटफर्महरूमा विज्ञापनहरू प्ले गर्न वा प्रदर्शन गर्न सकून्।
- **व्यापारिक साझेदारहरू** (आवश्यक पर्दा सहमति लिएर) तपाईंलाई पूरक प्रस्तावहरू प्रदान गर्न, हाम्रा साझेदारहरूबाट विवरणमा पहुँच प्राप्त गर्न र मार्केटिङ प्रयोजनका लागि।
- हाम्रो व्यवसायको सबै वा कुनै भागको कुनै पनि वास्तविक वा प्रस्तावित मर्जर, प्राप्ति वा लगानीको सम्बन्धमा **सम्भावित वा वास्तविक प्राप्तकर्ता वा लगानीकर्ताहरू** र तिनका पेशेवर परामर्शदाताहरू।
- **कोका-कोला का सम्बद्ध निकाय र बोटलर साझेदारहरू** तपाईंलाई विभिन्न मार्केटिङ जानकारी, प्रवर्द्धनात्मक कार्यक्रमहरू र अन्तरक्रियात्मक खेलहरू प्रदान गर्न।
- **सक्षम कानुन प्रवर्तन, सरकारी नियामक र अदालतहरू**, हामीलाई (i) काननुनको पालना गर्न (ii) कानुनी अधिकारहरूको प्रयोग, स्थापना वा रक्षा गर्न वा (iii) कोका-कोला, हाम्रा उपभोक्ता, व्यावसायिक साझेदार, सेवा प्रदायक वा अन्य तेस्रो पक्षका अधिकार, सम्पत्ति र सुरक्षाको संरक्षण गर्नका लागि खुलासा गर्नैपर्छ भन्ने लागेमा।
- **हाम्रा सेवाहरूमा पाल्नुहुने आगन्तुकहरू।** तपाईंले हाम्रा सेवाहरूमा सामग्री सेयर गर्नुभयो भने, तपाईंले सेयर गर्नुभएका सामग्री हाम्रा सेवाहरूमा आउने अन्य आगन्तुकहरूले देख्न सक्ने छन्। यी सार्वजनिक क्षेत्रहरूमा तपाईंले पेस गर्न रोज्नुभएको विवरणका लागि हामी जिम्मेवार हुने छैनौँ।
- **अन्य तेस्रो पक्षहरू** तपाईंको अनुमति लिएर वा तपाईंको अनुरोधमा।

हामीले व्यक्तिगत विवरण सेयर गर्‍यौँ भने, हामी प्राप्तकर्ताहरूलाई व्यक्तिगत विवरण यो सूचना पालना गरेर ह्यान्डल गर्न, प्रचलित गोपनीयता कानुनहरूको पालना गर्न र तपाईंको व्यक्तिगत विवरण जुन प्रयोजनका लागि सेयर गरिएको हो त्यही प्रयोजनका लागि मात्र प्रयोग गर्न अनिवार्य गर्दछौँ।

## 6. हामी व्यक्तिगत विवरणको कसरी सुरक्षा गर्छौं

कोका-कोला ले हामीलाई सुम्पिएको व्यक्तिगत विवरण सुरक्षित राख्ने र संरक्षण गर्ने कुरामा ध्यान दिन्छ। हामीले प्रशोधन गर्ने व्यक्तिगत विवरणको सुरक्षा गर्न र तपाईंको व्यक्तिगत विवरणको क्षति, दुरुपयोग, अनधिकृत पहुँच, खुलासा वा परिमार्जनको जोखिम कम गर्न हामी प्राविधिक, भौतिक र प्रशासनिक सुरक्षाका उपायहरू अपनाउछौँ। हामी नियमित रूपमा हाम्रा सुरक्षा उपायहरूको परीक्षण, जाँच, मूल्याङ्कन र अद्यावधिक गर्छौं, तापनि, साइबर सुरक्षासम्बन्धी जोखिमहरूको अन्तर्निहित प्रकृतिका कारण, हामी व्यक्तिगत विवरणको प्रशोधनसँग सम्बन्धित सुरक्षासम्बन्धी जोखिमहरूलाई पूर्ण रूपमा हटाउन सक्दैनौँ।

आफ्ना पासवर्डहरू सुरक्षित राख्ने र आफ्ना उपकरणहरूको सुरक्षा कायम राख्ने जिम्मेवारी तपाईंको हुने छ। कोका-कोला ले तपाईंको प्रयोगकर्ता नाम र पासवर्ड प्रयोग गरेर तपाईंको खातामा लग इन गर्ने जो कोहीले तपाईंको अनुमति लिएर नै लग इन गरिरहेको छ भनी मान्ने छ।

हामीले सुरक्षा उल्लङ्घनको शङ्का गर्‍यौँ वा पत्ता लगायौँ भने, कोका-कोलाले कुनै सूचना नै नदिई हाम्रा सबै वा आंशिक सेवाहरूको तपाईंको प्रयोग निलम्बन गर्न सक्ने छ। तपाईंलाई आफूले कोका-कोलालाई प्रदान गर्नुभएको विवरण वा तपाईंको खाता अब सुरक्षित छैन भन्ने लाग्छ भने, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

हामीलाई तपाईंको व्यक्तिगत विवरणको सुरक्षालाई असर गर्ने कुनै उल्लङ्घनको बारेमा थाहा भयो भने, हामी प्रचलित कानुनले व्यवस्था गरेअनुसार तपाईं र कुनै पनि सम्बन्धित डेटा सुरक्षा नियामकलाई सूचना प्रदान गर्ने छौँ। प्रचलित कानुनले अनुमति दिएको खण्डमा, कोका-कोलाले तपाईंको खातासँग सम्बन्धित इमेल ठेगाना वा तपाईंको खातासँग सम्बन्धित अन्य अनुमति प्राप्त विधि प्रयोग गरेर यो सूचना तपाईंलाई प्रदान गर्ने छ।

## 7. हामी व्यक्तिगत विवरण कति समयसम्म राख्छौँ

तपाईंले हामीलाई विशेष रूपमा आफ्नो व्यक्तिगत विवरण मेटाउन भन्नुभएन भने, हाम्रा सेवाहरू प्रदान गर्न, हाम्रो डेटा रिटेन्सन नीति र प्रचलित कानुनी मापदण्डहरूको पालना गर्न, विवादहरू समाधान गर्न र हाम्रा सम्झौताहरू लागू गर्न आवश्यक परेसम्म हामी तपाईंको व्यक्तिगत विवरण राखिराख्ने छौँ।

लागू हुने अवधारण अवधि निर्धारण गर्दा, हामी विभिन्न मापदण्डहरूलाई विचार गर्छौं, जस्तै:

- तपाईंले अनुरोध गर्नुभएका सेवाहरू प्रदान गर्न कति समयसम्म रेकर्ड राख्नुपर्ने हुन्छ (जस्तै, डिजिटल मार्केटिङ अनुभवको अंशको रूपमा प्रदान गरिएका फोटो र भिडियोहरू मार्केटिङ प्रवर्द्धनको अन्त्यपछि सीमित अवधिका लागि मात्र राखिन्छ);
- हाम्रा कार्यसञ्चालन प्रक्रियाहरूलाई समर्थन र वृद्धि गर्न कति समयसम्म रेकर्ड राख्नुपर्ने हुन्छ;
- हाम्रो अधिकार र कानुनी हितको रक्षा गर्न कति समयसम्म रेकर्ड राख्नुपर्ने हुन्छ; र
- प्रचलित कानुन र नियमहरूको पालना गर्न कति समयसम्म रेकर्ड राख्नुपर्ने हुन्छ (जस्तै, डेटा रहेका व्यक्तिले गरेका अनुरोधहरूको रेकर्ड राख्ने)।

सान्दर्भिक अवधारण अवधिको अन्त्यमा, हामी व्यक्तिगत विवरण मेटाउँछौँ वा बेनाम रूपमा राख्छौँ वा यदि हामी व्यक्तिगत विवरण मेटाउन वा बेनाम रूपमा राख्न सकेनौँ भने, व्यक्तिगत विवरणलाई हामी मेटाउन वा बेनाम रूपमा राख्न सम्भव नभएसम्म सुरक्षित रूपमा भण्डारण गर्ने छौँ। बेनाम डेटा अब व्यक्तिगत विवरणको रूपमा रहने छैन, तर हामी अझै पनि यसलाई प्रचलित कानुन र सम्झौताहरूअनुसार प्रशोधन गर्छौं।

तपाईं अब सक्रिय खाता प्रयोगकर्ता हुनुहुन्न वा हामीले धोखाधडीजन्य गतिविधि पत्ता लगायौँ भने हामी तपाईंको व्यक्तिगत विवरण मेटाउने अधिकार पनि सुरक्षित राख्दछौँ।

## 8. तपाईंका गोपनीयतासम्बन्धी छनौटहरू

तपाईं कोका-कोलाले आफ्नो व्यक्तिगत विवरण ह्यान्डलिङ गर्ने सम्बन्धमा विकल्पहरू छनौट गर्न सक्नुहुन्छ। तपाईंको ब्राउजर मार्फत उपलब्ध विभिन्न औजारहरू वा तपाईंको क्षेत्राधिकारअनुसार कोका-कोला ले तपाईंलाई उपलब्ध गराएको औजारहरू प्रयोग गरेर तपाईं आफ्ना गोपनीयता सेटिङहरू व्यवस्थापन गर्न र हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ। केही अवस्थाहरूमा, तपाईंको व्यक्तिगत विवरणमा पहुँच राख्ने वा नियन्त्रण गर्ने तपाईंको क्षमता प्रचलित कानुनद्वारा सीमित हुन्छ।

**आफ्ना गोपनीयता विकल्पहरू प्रयोग गर्नुहोस्:** तपाईंको बसोबास, सङ्कलन गरिएको व्यक्तिगत विवरणको प्रकार र केही छुटहरूको आधारमा, तपाईंसँग आफ्नो व्यक्तिगत विवरणको सम्बन्धमा विकल्पहरू हुन सक्छन् र यीमध्ये केही विकल्पहरू छुट र योग्यताको अधीनमा हुने छन्। प्रचलित कानुनअन्तर्गत हामीलाई आवश्यक नभए पनि हामी यी विकल्पहरू तपाईंलाई विस्तार गर्न पनि सक्छौँ:

- **सूचित हुनुहोस्**: तपाईंले आफ्नो व्यक्तिगत विवरण कसरी प्रशोधन गरिन्छ भन्ने बारे जानकारी अनुरोध गर्न सक्नुहुन्छ। केही स्थानहरूमा तपाईंले आफ्नो डेटा सेयर गरिएका तेस्रो पक्षहरूको पहिचानको बारेमा जानकारी अनुरोध गर्न सक्नुहुन्छ।
- **पहुँच**: तपाईं आफ्नो व्यक्तिगत विवरणमा पहुँच राख्न अनुरोध गर्न सक्नुहुन्छ।
- **सच्याउनुहोस् वा सुधार्नुहोस्**: तपाईंले गलत वा अपूर्ण व्यक्तिगत विवरण सच्याउन अनुरोध गर्न सक्नुहुन्छ।
- **मेटाउनुहोस्**: तपाईं आफ्नो व्यक्तिगत विवरण मेटाउन अनुरोध गर्न सक्नुहुन्छ।

- **प्रशोधनमा प्रतिबन्ध लगाउनुहोस्**: तपाईंले विशेष अवस्थाहरूमा (जस्तै, प्रोफाइलिङ, कानुनी वा यस्तै उल्लेख्य प्रभावहरू उत्पादन गर्ने स्वचालित निर्णय लिने) आफ्नो व्यक्तिगत विवरणको प्रशोधन सीमित गर्न हामीलाई अनुरोध गर्न सक्नुहुन्छ।
- **डाटा पोर्टेबिलिटी**: तपाईंले आफ्नो व्यक्तिगत विवरण मेसिनले रिड गर्ने ढाँचामा प्राप्त गर्न अनुरोध गर्न सक्नुहुन्छ वा हामीलाई अर्को नियन्त्रककहाँ पठाउन अनुरोध गर्न सक्नुहुन्छ।
- **सहमतिमा आपत्ति जनाउने वा फिर्ता लिने**: तपाईं आफ्नो व्यक्तिगत विवरणको प्रशोधनमा आपत्ति जनाउन सक्नुहुन्छ वा कुनै पनि बेला (जस्तै, मार्केटिङ) आफ्नो सहमति फिर्ता लिन सक्नुहुन्छ।

तपाईंले यी गोपनीयता विकल्पहरू प्रयोग गर्नुभयो भने, तपाईंलाई भेदभावपूर्ण वा प्रतिशोधपूर्ण व्यवहार नगरिने अधिकार छ। अन्यथा निर्दिष्ट नगरिएसम्म, हामी तपाईंका अनुरोधहरूको जवाफ हाम्रो आफ्नै खर्चमा दिने छौँ।

**<u>अनुरोधहरू पेस गर्ने</u>:** आफ्ना गोपनीयता विकल्पहरू प्रयोग गर्न र गोपनीयता अनुरोध फाराम पेस गर्न, कृपया <u>हामीलाई सम्पर्क गर्नुहोस्</u>। तपाईंले आफ्नो अनुरोध पेस गर्दा, तपाईंको अनुरोध पूरा गर्नको लागि तपाईंले केही व्यक्तिगत विवरण (जस्तै, नाम, इमेल ठेगाना, बसोबास गर्ने ठाउँ, परिचयपत्र नम्बर) प्रदान गर्नुपर्ने हुन सक्छ। हामी अनुरोधहरू यथासम्भव व्यावहारिक भएसम्म छिटो र प्रचलित कानुनहरूसँग मिल्ने गरी पूरा गर्ने लक्ष्य राख्छौँ। हामीसँग तपाईंको खाता छ भने, तपाईं केही परिवर्तनहरू सिधै आफ्नो खाता प्रोफाइल पृष्ठमार्फत पनि गर्न सक्नुहुन्छ। कृपया ध्यान दिनुहोस्, तपाईंले हाम्रा सेवाहरू मार्फत आफ्नो खाता प्रोफाइल पृष्ठमा गर्नुभएका परिवर्तनहरू हामीले सञ्चालन गर्ने हाम्रा सेवाका अन्य भागहरूमा सधैँ प्रतिबिम्बित नदेखिन सक्छन्।

**तपाईंको अनुरोध पेस गर्दा, कृपया ध्यान दिनुहोस्:**

- तपाईंको गोपनीयता अनुरोधमा कारबाही गर्नुअघि हामीले तपाईंको पहिचान प्रमाणित गर्नुपर्ने हुन सक्छ। तपाईंको अनुरोध प्राप्त गरेर प्रशोधन गरिसकेपछि, हामी तपाईंको पहिचान कसरी प्रमाणित गर्ने भन्ने निर्देशनहरूसहित तपाईंको अनुरोधमा प्रदान गरिएको इमेल ठेगाना प्रयोग गरेर तपाईंलाई सम्पर्क गर्ने छौँ, त्यसपछि हामी हाम्रा रेकर्डहरूमा मिल्दो विवरण जाँच गर्ने छौँ।
- हामी तपाईंको अनुरोधको आंशिक वा पूर्ण रूपमा स्वीकृत नगर्न सक्छौँ - उदाहरणका लागि, हामीले सङ्कलन गर्ने केही विवरण मेटाउने अनुरोधहरूमा मेटाउनुनपर्ने हुन सक्छ, जस्तै सरकारद्वारा उपलब्ध गराइएको सार्वजनिक विवरण वा अन्य कानुनी कारणहरूले गर्दा। यी अवस्थाहरूमा, हामी तपाईंलाई जवाफ दिँदा हामी तपाईंको अनुरोधलाई किन स्वीकार गर्दैनौँ वा रेकर्ड राख्ने प्रयोजनका लागि र/वा तपाईंको अनुरोध पेस गर्नु अघि तपाईंले सुरु गर्नुभएको कुनै पनि कारोबार पूरा गर्नका लागि केही व्यक्तिगत विवरण राख्नु पर्दा सो कुरा व्याख्या गर्ने छौँ (जस्तै, तपाईंले खरिद गर्नुहुँदा वा प्रवर्द्धन कार्यक्रममा प्रवेश गर्नुहुँदा, तपाईंले खरिद वा प्रवर्द्धन कार्यक्रम पूरा नभएसम्म प्रदान गरिएको व्यक्तिगत विवरण परिवर्तन गर्न वा मेटाउन नसक्ने हुन सक्छ)।
- तपाईंले आफ्नो व्यक्तिगत विवरणको प्रशोधनमा आपत्ति जनाउनुभयो वा आफ्नो सहमति फिर्ता लिनुभयो भने, हामीले तपाईंको पहिचान प्रमाणित गरिसकेपछि, हामी तपाईंको व्यक्तिगत विवरण सङ्कलन र प्रशोधन गर्न तुरुन्तै बन्द गर्ने छौँ।
- तपाईंले हामीलाई आफ्नो डेटा मेटाउन अनुरोध गर्नुभयो भने, हामी तपाईंको पहिचान प्रमाणित गरेपछि मात्र यसलाई मेटाउने छौँ। प्रचलित कानुन र सुरक्षा प्रविधिको प्रतिबन्धका कारण हामी ब्याकअप प्रणालीमा सम्बन्धित विवरण तुरुन्तै मेटाउन सक्षम नहुन सक्छौँ। हामी तपाईंको व्यक्तिगत विवरण सुरक्षित रूपमा राख्ने छौँ र ब्याकअप प्रणालीमा खाली गर्न सक्ने अवस्था नभएसम्म यसको कुनै पनि प्रशोधनमा प्रतिबन्ध लगाउने छौँ।
- केही स्थानहरूमा, हामी प्रत्येक वर्ष तपाईंको सीमित अनुरोधहरूको मात्र जवाफ दिन बाध्य छौँ र हामीले कुन व्यक्तिगत विवरण खुलासा गर्न सक्छौँ भन्ने कुरामा सीमित हुन सक्छौँ।

- हामी तपाईंको सबै गोपनीयता अनुरोधहरू हाम्रो अवधारण नीतिअनुसार कायम राख्ने छौँ र यो जानकारी अनुपालन प्रक्रियाहरूको समीक्षा गर्न वा कानुनी दायित्वको पालना बाहेक अन्य कुनै प्रयोजनका लागि प्रयोग गरिने छैन।
- तपाईंको व्यक्तिगत विवरण प्रदान गर्नु स्वैच्छिक हो; यद्यपि, हाम्रो सूचनामा वर्णन गरिएका उद्देश्यहरू पूरा गर्न यो अनिवार्य हुन्छ। यस्तो व्यक्तिगत विवरण प्रदान गर्न अस्वीकार गर्दा हामी सेवाहरूको आंशिक वा पूर्ण प्रावधानमा रोक लगाउन, साथै केही सुविधा वा लाभहरूमा तपाईंको सहभागितामा सीमित गर्न सक्ने छौँ।

**एजेन्ट वा प्रतिनिधि अनुरोधहरू:** तपाईंको बसोबासको आधारमा, तपाईंले एजेन्ट वा अन्य प्रतिनिधिलाई तपाईंको तर्फबाट गोपनीयता अनुरोध गरिदिने अधिकार दिन सक्नुहुन्छ। हामी तपाईंलाई यो अधिकारपत्र सिधै पुष्टि गर्न अनुरोध गर्न सक्ने छौँ। पुष्टि भइसकेपछि, तपाईंको एजेन्ट वा प्रतिनिधिले कानुनले अनुमति दिएअनुसार तपाईंको तर्फबाट कार्य गर्न सक्ने छन्। एजेन्ट र प्रतिनिधिहरूबाट आएका अनुरोधहरू प्रशोधन गर्न लामो समय लाग्न सक्छ।

**अन्य सम्पर्क विवरण (जस्तै, डेटा नियन्त्रक, पुनरावेदन, सुपरीवेक्षण प्राधिकरण):** क्षेत्राधिकार विशेष जानकारी सम्पर्क विवरण प्राप्त गर्न कृपया हामीलाई सम्पर्क गर्नुहोस् पृष्ठमा जानुहोस्। उदाहरणका लागि, तपाईंको बसोबासको आधारमा, तपाईंलाई अनुरोधसम्बन्धी निर्णयमा अपील गर्ने, अर्को अधिकारीसँग उजुरी दायर गर्ने वा तपाईंको स्थानीय डेटा नियन्त्रक, डेटा सुरक्षा अधिकारी, सुपरीवेक्षण प्राधिकरण, डेटा सुरक्षा प्राधिकरण वा अन्य नियामक सम्पर्क विवरणका लागि अन्य लागू हुने सम्पर्क विवरण फेला पार्ने अधिकार हुन सक्छ।

**अपर्याप्त जानकारी र अस्वीकृत अनुरोधहरू:** हामीले राख्ने केही व्यक्तिगत विवरण प्रमाणित उपभोक्तासँग सम्बद्ध गर्न पर्याप्त रूपमा विशिष्ट हुँदैनन् (जस्तै, छद्मनाम ब्राउजर ID सँग मात्र सम्बन्धित डेटा)। ती अनुरोधहरूको जवाफमा हामी उक्त व्यक्तिगत विवरण समावेश गर्दैनौँ। हामीले कुनै अनुरोध पूर्ण वा आंशिक रूपमा अस्वीकार गर्‍यौँ भने, कोका-कोला ले हाम्रो प्रतिक्रियाका कारणहरू व्याख्या गर्ने छ र आवश्यक परेमा, अस्वीकृतिको बारेमा कसरी अपील गर्ने वा गुनासो गर्ने भन्ने बारेमा विस्तृत विवरण प्रदान गर्ने छ।

**आफ्ना गोपनीयता सेटिङहरू व्यवस्थापन गर्नुहोस्**

**विश्वव्यापी गोपनीयता नियन्त्रणहरू:** विश्वव्यापी गोपनीयता नियन्त्रण (GPC) भनेको ब्राउजर-स्तरको सेटिङ हो, जसमा प्रयोगकर्ताहरूले वेबसाइटहरूलाई उनीहरू आफ्नो व्यक्तिगत विवरण बेच्न वा सेयर गर्न नचाहने कुरा सङ्केत गर्न सक्ने छन्। तपाईंले आफ्नो वेब ब्राउजर प्रदायकबाट तिनको बारेमा थप जानकारी पाउन सक्ने छन्। प्रचलित कानुनले अनिवार्य गरेको हदसम्म व्यक्तिगत विवरण सेयर गर्ने विकल्प अस्वीकार गर्ने अनुरोधहरूको रूपमा GPC सङ्केत प्रयोग गरी गरिने अनुरोधहरूलाई राम्रोसँग पत्ता लगाउन र सम्मान गर्न हामीसँग औजारहरू छन्। हामी GPC सङ्केतसँग सम्बन्धित कुनै पनि व्यक्तिगत विवरणको सम्बन्धमा यी अनुरोधहरूलाई सम्मान गर्ने प्रयास गर्ने भए तापनि तपाईंको GPC सङ्केतसँग सम्बन्धित विवरणलाई हामीसँग भएको तपाईंको सबै व्यक्तिगत विवरणसँग जोड्न सक्ने छैनौँ। यी सेटिङहरू हाम्रो कुकी औजारमा उपलब्ध सेटिङहरूभन्दा फरक हुन्छन्।

मोबाइल यन्त्रका प्राथमिकताहरू: मोबाइल अपरेटिङ सिस्टम र एप प्लेटफर्महरू (जस्तै, Google Play, App Store) मा सम्पर्कहरूमा पहुँच, भू-स्थान सेवाहरू र पुस नोटिफिकेसनहरू जस्ता विशेष प्रकारका मोबाइल उपकरण डेटा र सूचनाहरूका लागि अनुमति सेटिङहरू हुन्छन्। तपाईंले आफ्नो मोबाइल उपकरणका सेटिङहरू प्रयोग गरेर निश्चित विवरण सङ्कलन र पुस नोटिफिकेसनहरूमा सहमति दिन वा अस्वीकार गर्न सक्नुहुन्छ। केही एप सेटिङहरूमा तपाईंले अनुमतिहरू र पुस नोटिफिकेसन सेटिङहरू परिवर्तन गर्न पनि सक्नुहुन्छ। केही एपहरूको हकमा, सेटिङहरू परिवर्तन गर्दा एपका केही पक्षहरूले राम्ररी काम नगर्न सक्छन्। तपाईंले एप अनइन्स्टल गरेर एपबाट सबै विवरण सङ्कलन रोक्न सक्नुहुन्छ। तपाईंले कुनै एप अनइन्स्टल गर्नुभयो भने, कृपया तपाईंको मोबाइल उपकरणबाट एपको प्रयोगसँग सम्बन्धित अद्वितीय पहिचानकर्ता र अन्य गतिविधि मेटाइएको पुष्टि गर्न आफ्नो अपरेटिङ सिस्टमका सेटिङहरू जाँच गर्ने बारेमा विचार गर्नुहोस्।

कोका-कोला को इमेल र पाठ सन्देशहरू अप्ट आउट गर्ने: कोका-कोला बाट प्रवर्द्धनात्मक इमेलहरू प्राप्त गर्न बन्द गर्नका लागि, कृपया इमेलको तल रहेको "सदस्यता रद्द गर्नुहोस्" लिङ्कमा क्लिक गर्नुहोस्। तपाईंले अप्ट आउट गरे पछि, हामीले अझै पनि तपाईंलाई तपाईंको खाताबारे खरिद वा प्रशासकीय विवरणका लागि रसिदहरू जस्ता गैर-प्रवर्द्धनात्मक सञ्चाहरू पठाउने छौँ। तपाईंको खाता सेटिङहरूमा तपाईंलाई आफ्ना सूचना प्राथमिकताहरू परिवर्तन गर्न पनि सक्ने हुन सक्छ, जस्तै एपबाट पुस नोटिफिकेसनहरू। प्रवर्द्धनात्मक टेक्स्ट सन्देशहरू (SMS वा MMS) प्राप्त गर्न बन्द गर्नका लागि, कृपया हामीबाट प्रवर्द्धनात्मक टेक्स्ट सन्देशहरू प्राप्त गर्न बन्द गर्न चाहनुहुन्छ भन्ने कुरा जनाउने जवाफी टेक्स्ट सन्देश पठाउनुहोस् - जस्तै "Stop" शब्द लेखेर। हामीलाई जानकारी गराउनका लागि तपाईंले हामीलाई सम्पर्क गर्न पनि सक्नुहुन्छ। तपाईं अब सम्बन्धित टेलिफोन नम्बर, ठेगाना र/वा इमेल ठेगानासहित कुन-कुन प्रकारका सञ्चारहरू प्राप्त गर्न चाहनुहुन्न भनेर निर्दिष्ट गर्नुहोस्। तपाईंले हामीबाट मार्केटिङसँग सम्बन्धित सन्देशहरू प्राप्त गर्नबाट अप्ट आउट गर्नुभयो भने, हामी अझै पनि तपाईंलाई महत्त्वपूर्ण प्रशासनिक सन्देशहरू पठाउन सक्छौँ, जस्तै तपाईंको खाता वा खरिदहरूको बारेमा इमेलहरू।

**कुकीसम्बन्धी प्राथमिकताहरू व्यवस्थापन गर्नुहोस्:** कुकी औजार प्रयोग गर्नेलगायत कुकीहरूको प्रयोगको बारेमा तपाईंसँग भएका विकल्पहरूको समीक्षा गर्न कुकीसम्बन्धी सूचनामा रहेको "कुकीहरू कसरी व्यवस्थापन गर्ने" खण्ड हेर्नुहोस्।

**आफ्नो खाता रद्द गर्नुहोस्:** लग इन गरेपछि तपाईंले जुनसुकै बेला आफ्नो दर्ता गरिएको खाता रद्द गर्न सक्नुहुने छ। तपाईंको खाता रद्द गर्ने अनुरोध प्राप्त गरेपछि, हामी ब्याकअप प्रणालीबाट सम्बन्धित विवरण तुरुन्तै मेटाइने छ भन्ने ग्यारेन्टी गर्न सक्दैनौँ। तथापि, कानुन र नियमहरूद्वारा अन्यथा व्यवस्था गरिएकोमा बाहेक, ब्याकअप प्रणाली अद्यावधिक हुँदा त्यस्ता विवरण मेटाइने छ।

## 9. नाबालिगको डेटा

हाम्रा कुनै पनि सेवाहरूमा स्पष्ट रूपमा अन्यथा उल्लेख नगरिएसम्म, कोका-कोला ले नाबालिगको डेटा प्रशोधन गर्ने प्रतिबन्धहरूको पालना नगरी (जस्तै, कानुनी रूपमा अनिवार्य अभिभावकीय सहमति प्राप्त गर्ने) 13 वर्ष मुनिका वा प्रचलित स्थानीय कानुनअन्तर्गत तोकिए बमोजिमका बालबालिकाहरूबाट जानाजानी व्यक्तिगत विवरण सङ्कलन गर्ने छैन (जस्तै, मुख्य भूमि चीनको हकमा 14 वर्ष मुनिका वा भारतको हकमा 18 वर्ष मुनिका)। हाम्रो जिम्मेवार मार्केटिङ नीतिअनुसार, “हाम्रो न्यूनतम उमेर सीमा 13 वर्ष हो। हाम्रो मार्केटिङले कुनै पनि परिस्थितिमा 13 वर्ष मुनिका बालबालिकाहरूलाई प्रत्यक्ष रूपमा लक्षित गर्दैन। हामी उच्च उमेर सीमामा बालबालिकालाई परिभाषित गर्ने सबै स्थानीय नियमहरूको सम्मान र लागू गर्छौं।”

हाम्रा केही सेवाहरूमा प्रचलित कानुनहरूको पालना सुनिश्चित गर्न उमेरको हदबन्दी हुन्छ, उदाहरणका लागि, केही क्षेत्राधिकारहरूमा प्रमाणित अभिभावक वा अभिभावकको सहमतिमा मात्र बालबालिकाहरूलाई हाम्रा सेवाहरू प्रयोग गर्न अनुमति दिइन्छ। हामीले आवश्यक सहमति वा प्रचलित कानुनअन्तर्गत अन्य उपयुक्त कानुनी आधार विना नै बालबालिकाबाट व्यक्तिगत विवरण सङ्कलन वा प्राप्त गरेको थाहा पायौँ भने, हामी उक्त विवरण मेटाउने छौँ।

## 10. व्यक्तिगत विवरणको अन्तर्राष्ट्रिय ट्रान्स्फर

कोका-कोला ले हामी र हाम्रा आपूर्तिकर्ता र व्यावसायिक साझेदारहरूले कार्यसञ्चालन गर्ने कुनै पनि ठाउँमा सीमापार व्यक्तिगत विवरण ट्रान्स्फर गर्न सक्ने छ। यी ठाउँहरूमा डेटा सुरक्षासम्बन्धी तपाईं बसोबास गर्ने ठाउँको कानुनभन्दा फरक (र, केही अवस्थामा, कम सुरक्षात्मक) हुन सक्ने खालका कानुनहरू हुन सक्छन्। हाम्रा सेवाहरू प्रयोग गरेर, तपाईं आफ्नो व्यक्तिगत विवरण आफ्नो निवासस्थान बाहिरका स्थानहरूमा ट्रान्स्फर गरिने कुरामा सहमत हुनुहुन्छ।

तपाईंको व्यक्तिगत विवरण हामीद्वारा वा हाम्रो तर्फबाट सीमापार ट्रान्स्फर गरिएको छ भने, हामी यस सूचना र प्रचलित कानुनअनुसार तपाईंको व्यक्तिगत विवरण सुरक्षित गर्न मानक अनुबन्धात्मक खण्डहरू वा मोडेल खण्डहरूमा सहमति जनाउने जस्ता उपयुक्त सुरक्षा उपायहरू अपनाउने छौँ। यी सुरक्षाका उपायहरूले हाम्रा सम्बद्ध कम्पनी, आपूर्तिकर्ता र साझेदारहरूलाई प्रचलित गोपनीयता कानुनहरूअनुसार व्यक्तिगत जानकारीको सुरक्षा गर्न बाध्य हुने छन्। हामी निम्न क्षेत्राधिकार-विशेष ट्रान्स्फर संयन्त्र र सुरक्षाहरूमा पनि भर पर्दछौँ:

- **EU डाटा गोपनीयता फ्रेमवर्क**। हाम्रो पूरक EU-US डेटा गोपनीयता फ्रेमवर्क नीतिले अमेरिकी वाणिज्य विभागले व्यवस्था गरेबमोजिम कोका-कोला ले EU-US डेटा गोपनीयता फ्रेमवर्क, EU-US DPF मा UK विस्तार र स्विस-US डेटा गोपनीयता फ्रेमवर्क (सामूहिक रूपमा, **DPF फ्रेमवर्क**) बमोजिम अमेरिकामा EU, UK र स्विट्जरल्याण्डबाट प्राप्त गर्ने व्यक्तिगत विवरणलाई हामी कसरी ह्यान्डल गर्छौं भनेर वर्णन गर्दछ।
- **सीमापार गोपनीयता नियम (CBPRs) प्रणाली**। यस गोपनीयता सूचनामा वर्णन गरिएका कोका-कोला कम्पनीका गोपनीयता अभ्यासहरूले विश्वव्यापी सीमापार गोपनीयता नियम (CBPRs) प्रणालीको पालना गर्दछन्। CBPR प्रणालीको बारेमा थप जानकारी यहाँ पाउन सकिन्छ। हाम्रो प्रमाणीकरण हेर्नका लागि, कृपया CBPR प्रणाली डाइरेक्ट्री हेर्नुहोस्। हाम्रो सहभागिताको दायराको बारेमा थप जानकारीका लागि वा हाम्रो उत्तरदायित्व एजेन्ट, BBB राष्ट्रिय कार्यक्रमहरूमार्फत गोपनीयतासम्बन्धी सोधपुछ पेस गर्न, कृपया हाम्रो CBPR प्रमाणीकरण यहाँ हेर्नुहोस्।
- **सहमति**। तपाईंको व्यक्तिगत विवरण स्थान बाहिर ट्रान्स्फर गर्न सहमति आवश्यक भएमा, हामी ट्रान्स्फर गर्नुअघि तपाईंको छुट्टै सहमति प्राप्त गर्ने छौँ। उदाहरणका लागि, जनवादी गणतन्त्र चीनको क्षेत्रभित्र सङ्कलन र उत्पन्न गरिएको व्यक्तिगत विवरण जनवादी गणतन्त्र चीनको सीमाक्षेत्रभित्र भण्डारण गरिने छ। तपाईंको व्यक्तिगत विवरण चीन बाहिर ट्रान्स्फर गर्नुपर्ने भएमा, हामी ट्रान्स्फर गर्नुअघि तपाईंको छुट्टै सहमति प्राप्त गर्ने छौँ। तपाईंको व्यक्तिगत विवरण विदेशमा ट्रान्स्फर गर्नुअघि, हामी कानुनले अनुमति दिएको कानुनी ट्रान्स्फर संयन्त्र अपनाउने छौँ र प्राप्तकर्ताले प्रशोधन गर्दा प्रचलित चिनियाँ कानुनहरूको पालना गरिने कुरा सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउने छौँ।

सीमापार व्यक्तिगत विवरण ट्रान्स्फरका सम्बन्धमा हाम्रो मानक अनुबंधात्मक खण्ड वा अन्य सुरक्षा उपायहरूका बारेमा जानकारी अनुरोध गर्न, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

## 11. यस उपभोक्ताको गोपनीयतासम्बन्धी सूचनामा परिवर्तनहरू

व्यवसाय र प्रविधिको विकास हुँदै जाँदा, परिवर्तनहरू प्रतिबिम्बित गर्न यो सूचना अद्यावधिक गर्न सकिने छ। सबैभन्दा पछिल्लो संस्करण यसको वेबसाइटमा लागू हुने मितिसहित पोस्ट गरिने छ। केही कानुनहरूमा थप चरणहरूको व्यवस्था गरिएको हुन सक्छ, जस्तै महत्त्वपूर्ण परिवर्तनहरू लागू गरिनुभन्दा पहिले तपाईंलाई सूचित गर्ने वा तपाईंको सहमति लिने। यो सूचनाको समय-समयमा समीक्षा गर्नाले तपाईंको व्यक्तिगत विवरणको प्रयोगसँग सम्बन्धित कुनै पनि अद्यावधिकहरूको बारेमा जानकारी पाउन सक्नुहुने छ।